नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः- ५३५ मिति :- २०६७/४/२५

श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरु तथा इजाजतपत्रप्राप्त "क" र राष्ट्रिय स्तरका "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरू ।

विषय :- निर्यातकर्ताहरूलाई शाखा/सम्पर्क/प्रदर्शन कक्ष जस्ता कार्यालयको लागि सटही सुविधा उपलब्ध गराउने सम्बन्धमा ।

महाशय,

वस्तु तथा सेवा निर्यात गर्ने निर्यात व्यवसायीले निर्यात प्रवर्द्धनको लागि विदेशमा शाखा/सम्पर्क/प्रदर्शन कक्ष जस्ता कार्यालय खोल्ने तथा बिक्रीबाट उठेको रकम जम्मा गर्ने प्रयोजनका लागि विदेशमा खाता खोल्न चाहेमा सम्बन्धित नियमनकारी निकायको सिफारिसमा देहाय बमोजिमको कार्यविधि तथा शर्तको अधीनमा रही यस बैंकको पूर्व स्वीकृतिमा सोको लागि आवश्यक विदेशी मुद्राको सटही सुविधा उपलब्ध हुने व्यवस्था गरिएकोले सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

## कार्यविधि तथा शर्तहरू

१. निवेदक निर्यात व्यवसायमा संलग्न हुदै आइरहेको वा निर्यात गर्ने ठोस योजना भएको वा पर्यटन व्यवसाय वा सेवा निर्यात सम्बन्धी व्यवसायमा संलग्न रहेको निकाय हुनु पर्नेछ ।

२. विदेशमा यसरी शाखा/सम्पर्क /प्रदर्शन कक्षजस्ता कार्यालय स्थापना गर्दा सम्बन्धित मुलुकको प्रचलित कानूनको पालना गर्नु पर्नेछ ।

३. यो व्यवस्था अन्तर्गतको सटही सुविधा विदेशमा शाखा/सम्पर्क /प्रदर्शन कक्षजस्ता कार्यालय खोल्ने तथा सोको संचालन/व्यवस्थापनका लागि मात्र उपलब्ध हुनेछ ।

४. सटही माग गर्दा सालवसाली गर्नु पर्ने खर्च र शुरुमा संस्थापनाको लागि के कति रकम आवश्यक पर्ने हो, सोको विस्तृत विवरण संलग्न गर्नु पर्नेछ । यस्तो विवरण पेश गर्दा नयाँ व्यवशायको हकमा आगामी ३ (तीन) वर्षको र संचालनमा रही रहेको व्यवशायको हकमा बिगत ३ (तीन) वर्षको यथार्थ र आगामी ३ (तीन) वर्षको अनुमानित कारोवारको विवरण पेश गर्नु पर्नेछ ।

५. सम्बन्धित निर्यातकर्ताहरुले सम्बन्धित मुलुकमा बिक्रीबाट उठेको रकम सोही मुलुकमा खाता खोली जम्मा गर्न सक्ने छन् र यस्तो खाता संचालन सम्बन्धमा यस बैंकबाट समय समयमा जारी भएको परिपत्रमा उल्लिखित व्यवस्थाहरुको पालना गर्नु पर्नेछ । यसरी बिक्रीबाट प्राप्त विदेशी मुद्रा प्रत्येक ३ (तीन) महिनामा बैकिङ्ग पद्धतिमार्फत नेपालमा पठाउनु पर्नेछ ।

६. बिक्री तथा प्रदर्शन कक्ष खोल्ने निर्यातकर्ताहरूको हकमा नेपालबाट प्रचलित कार्यविधि पुरा गरी लगेको सामान र ती सामानहरूको बिक्रीबाट उठेको रकमहरूको हिसाव प्रत्येक ६ महिनामा यस बैंक लगायत सम्बन्धित नियमनकारी निकायहरुलाई दिनु पर्नेछ ।

७. यसरी खोलिएको सम्पर्क कार्यालय र बिक्री तथा प्रदर्शन कक्षबाट प्राप्त फाइदा एवं लागत सम्बन्धी विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको बढीमा ३ महिनाभित्र लेखापरीक्षकबाट प्रमाणित गराई यस बैंकमा पेश गर्नु पर्नेछ ।

क्रमशः

८. सम्बन्धित मुलुकको प्रवेशाज्ञा (भिसा) सम्बन्धी सम्पूर्ण कार्य सम्बन्धित उद्यमीले नै गर्नु पर्नेछ ।

९. विदेशी मुद्रा आर्जन गरिरहेका निकायहरूको हकमा सालवसाली खर्चवापत माग भएको रकम अघिल्लो आ.व.को विदेशी मुद्रा आर्जनको बढीमा ५ (पाँच) प्रतिशतको सीमाभित्र रहनु पर्नेछ ।

१०. विदेशी मुद्रा आर्जन गरिनसकेका निकायहरूको हकमा निजहरूले पेश गरेको अनुमानित कारोवार विवरणको आधारमा पहिलो वर्षको लागि माथि बुँदा नं ९ मा उल्लेख भए बमोजिमको सटही सुविधा उपलब्ध गराउन सकिनेछ ।

भवदीय,

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि.तथा.नि.वि.महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
४ श्री नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग, त्रिपुरेश्वर, काठमाण्डौ ।
५. श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
६. श्री बैंक सुपरिवेक्षण विभाग ।
७. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
८. श्री सूचना प्रविधि विभाग :- यस विभागको वेभ साइटमा राखिदिनु हुन ।
९. श्री नेपाल बैंकर्स संघ, हेरिटेज प्लाजा, काठमाण्डौ ।
१०. श्री नेपाल उद्योग वाणिज्य महासंघ, मिलन मार्ग, टेकु ।
११. श्री नेपाल उद्योग परिसंघ, मिलन मार्ग, टेकु ।
१२. श्री नेपाल बिकास बैंक संघ, काठमाण्डौ ।